**प्रस्तावहरु:**

२०८२/०८३-०३।०१ अघिल्लो कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयन समिक्षा सम्बन्धमा
२०८२/०८३-०३।०२ गाउँपालिकाबाट नागरिकलाइ उपलब्ध गराउने सेवा प्रवाह प्रभावकारीता वढाउने सम्बन्धमा ।
२०८२/०८३-०३।०३ संघ, प्रदेश लगायतका अन्य कार्यालयहरुबाट प्राप्त पत्र, निर्देशन, सूचना तथा यस कार्यालयबाट भए, गरेका कार्यहरुको जानकारी सम्बन्धमा ।
२०८२/०८३-०३।०४ गाउँपालिका अध्यक्ष लगायत अन्य जनप्रतिनिधि/कर्मचारीहरु उपस्थित भएको कार्यक्रमहरुको बारेमा जानकारी तथा अनुभव आदानप्रदान सम्बन्धमा ।
२०८२/०८३-०३।०५ धन्यबाद ज्ञापन सम्बन्धमा ।
२०८२/०८३-०३।०६ राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगद्धारा गरिने कार्यसम्पादन मुल्याङ्कन सम्बन्धमा ।
२०८२/०८३-०३।०७ विविध सम्बन्धमा ।
खर्च अनुमोदन सम्बन्धमा ।

**निर्णयहरु:**

**कार्यपालिका निर्णय नं २०८२/०८३-३।०१**

प्रस्ताव नं २०८२/०८३-३।०१ उपर छलफल गर्दा १७० औं कार्यपालिका बैठकका निर्णयहरुको कार्यान्वयनको अवस्था बारेमा छलफल तथा समिक्षा गरियो ।

**कार्यपालिका निर्णय नं २०८२/०८३-३।०२**

प्रस्ताव नं २०८२/०८३-३।०२ उपर छलफल गर्दा गाउँपालिकाबाट नागरिकलाई उपलब्ध गराउने सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन सार्वजनिक सेवा तथा क्षमता विकास समितिलाई सक्रिय बनाई जनगुनासोका विषयलाई सम्बोधन गरी सेवा प्रवाहलाई थप प्रभावकारी बनाउने निर्णय गरियो ।

**कार्यपालिका निर्णय नं २०८२/०८३-३।०३**

प्रस्ताव नं २०८२/०८३-३।०३ उपर छलफल गर्दा तपसिलका संघ, प्रदेश तथा अन्य निकायहरुबाट प्राप्त पत्र तथा निर्देशनहरु र कार्यालयमा भए, गरेका कार्यहरुको बारेमा जानकारी गरियो ।

रुपा गाउँपालिका कास्की

**कार्यपालिका निर्णय नं २०८२/०८३-३।०४**

प्रस्ताव नं २०८२/०८३-३।०४ उपर छलफल गर्दा गाउँपालिका अध्यक्ष लगायत अन्य जनप्रतिनिधिहरु उपस्थित भएका तथा यस गाउँपालिकामा भए गरेका तपसिलका कार्यक्रमहरुको बारेमा जानकारी तथा अनुभव आदानप्रदान गरियो।

**कार्यपालिका निर्णय नं २०८२/०८३-३।०५**

प्रस्ताव नं २०८२/०८३-३।०५ उपर छलफल गर्दा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले गरेको स्थानीय तह संस्थागत क्षमता स्व मुल्याङ्कनको गुणस्तर परीक्षण र जिल्ला समन्वय समितिले गरेको वित्तीय जोखिम मूल्याङ्कनमा रूपा गाउँपालिका कास्कीको कास्की जिल्लामा उत्कृष्ठ नतिजा प्राप्त भएकाले सो नतिजा ल्याउन अहोरात्र खटिने कर्मचारी जनप्रतिनिधि तथा सरोकारवालाहरूलाई धन्यवाद ज्ञापन सहित खुसी साटासाट गरियो ।साथै आगामी दिनहरूमा प्राप्त नतिजालाई थप परिष्कृत गरी कार्यसम्पादनलाई प्रभावकारी बनाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**कार्यपालिका निर्णय नं २०८२/०८३-३।०६**

प्रस्ताव नं २०८२/०८३-३।०६ उपर छलफल गर्दा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगद्वारा जारी प्रदेश र स्थानीय तहको कार्यसम्पादन मुल्याङ्कन कार्यबिधि, २०७८ अनुसारको रूपा गाउँपालिका कास्कीको आर्थिक बर्ष २०८१/०८२ को कार्यसम्पादनका सूचकहरू प्रविष्ट गर्न निर्देशन दिने निर्णय गरियो ।

**कार्यपालिका निर्णय नं २०८२/०८३-३।०७**

प्रस्ताव नं २०८२/०८३-३।०७ उपर छलफल गर्दा तपसिलका निर्णयहरू गरियो ।

तपसिलः

क) रूपा गाउँपालिका कास्कीका गाउँसभा सदस्यहरूको आर्थिक बर्ष २०८१/०८२ को सम्पत्ती विवरण तोकिएको समयमै दर्ता गर्न सूचित गर्ने ।

ख) आर्थिक वर्ष २०८१।०८२ मा दायित्व सिर्जना भइ भुक्तानी बाँकी रहेको **राइजिङ्ग स्टार अटोमोवाइल्स भुक्तानी बाँकीको** खर्च अनुमोदन गरी भुक्तानी दिने निर्णय गरियो ।

मिति २०८२ भाद्र १० गते बसेको गाउँ कार्यपालिका बैठकले उपर उल्लिखत निर्णय गरेको व्यहोरा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४, उपदफा २ खण्ड (क), (ज) बमोजिम प्रमाणित गर्दछु।

.. ... .... ... ...

(चिरन्जीवी बराल)

प्रमुख प्रशासकीय अधिकृत

रुपा गाउँपालिका कास्की

रूपा गाउँपालिका कास्की